मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

## स्वयंसेवक शिक्षक भर्ना सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८२/०४/२५**

यस मन्त्रालयको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम "स्वयंसेवक शिक्षक कार्यक्रम" संचालनका लागि चाहिने देहाय बमोजिमको माध्यमिक तह (कक्षा ९-१०) का लागि स्वयंसेवक शिक्षकहरु भर्नाको लागि प्रदेश स्वयंसेवक शिक्षक परिचालन (प्रथम संशोधन) कार्यविधि, २०८१ बुंदा नं. ५ बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यसै साथ संलग्न बमोजिमको दरखास्त फाराम भरी यस मन्त्रालयमा बुझाउन दरखास्त आव्हान गरिएको छ ।

**देहायः**

| सि.नं. | विज्ञापन नं. | विषय | कोटा संख्या |
|---|---|---|---|
| १ | ०१/२०८२-८३ | नेपाली | २० |
| २ | ०२/२०८२-८३ | अङ्ग्रेजी | २० |
| ३ | ०३/२०८२-८३ | गणित | २२ |
| ४ | ०४/२०८२-८३ | विज्ञान | २० |
| | | जम्मा संख्या | ८२ |

**संलग्न गर्नुपर्ने कागजातहरुः** रितपूर्वकको आवेदन फाराम, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी अध्यापन अनुमति पत्रको प्रमाणपत्रको प्रतिलिपि, तालिमको प्रमाणपत्रको प्रतिलिपि ।

**योग्यता तथा तालिम सम्वन्धी व्यवस्थाः**

(क) २१ वर्ष उमेर पूरा भई ५८ वर्ष ननाघेको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ग) भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको,

(घ) सम्वन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरी तालिम लिएको,

(ङ) शिक्षक सेवा आयोगबाट सम्वन्धित तहको स्थायी अध्यापन अनुमति पत्र लिएको ।

**परीक्षा सम्बन्धी व्यवस्थाः** परीक्षाको मिति पछि तोकिने छ ।

**परीक्षाको किसिम :** १. लिखित परीक्षा (वस्तुगत)

२. अन्तर्वार्ता

**परीक्षाको पाठ्यक्रम :** शिक्षक सेवा आयोगको माध्यमिक तहको पाठ्यक्रममा आधारित हुनेछ ।

**मासिक निर्वाह भत्ता तथा अन्य सुविधा :** प्रदेश स्वयंसेवक शिक्षक परिचालन (प्रथम संशोधन) कार्यविधि, २०८१ बमोजिम ।

**दरखास्त बुझाउने मितिः** २०८२/०४/२५ देखि २०८२/०५/०८ गते सम्म कार्यालय समय भित्र ।

..................

निमित्त प्रदेश सचिव